☎०८४-४०३१९६

# ठाकुरबाबा नगरपालिका
**Thakurbaba Municipality**
# नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
सैनवार, बर्दिया
Sainawar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं ०७७।०७८ मिति: २०७८।०२।२१ गते

च. नं. ४०६६

**कोभिड विशेष कृषि कार्यक्रम (प्रदेश शशर्त) अन्तरगत साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदानका र कोभिड प्रभावित भई गाउँ फर्केका कृषकलाई उत्पादन सामाग्रिमा अनुदान कार्यक्रमका लागी पुन माग पेश गर्ने वारेको सूचना**

**दोश्रो पटक प्रकाशित मिति २०७८।०२।२१ गते**

चालु आ व २०७७।०७८ मा यस नगरपालिकाको स्वीकृत वार्षिक प्रदेश शशर्त तर्फको कार्यक्रम अनुसार कोभिड विशेष कृषि कार्यक्रम अन्तरगत साना मेशिनरी औजार उपकरणमा अनुदान सहयोग कार्यक्रम र कोभिड प्रभावित भई गाउँ फर्केका कृषकलाई उत्पादन सामाग्रिमा अनुदान कार्यक्रम कार्यान्वियनका लागि मिति मिति २०७७/१२/०५ मा प्रकाशित सूचना अनुसार प्रयाप्त आवेदन नपरेकाले मिति २०७८।०२।२१ गते वसेको कार्यक्रम ब्यवस्थापन समितिको निर्णयले पुनः आवेदन दिन इच्छुक नगरक्षेत्र भित्रका कृषक उद्यमीहरु तथा विदेशवाट फर्केका ब्यक्तिहरुका लागी सूचना आह्वान गर्ने निर्णय भएकाले तपसिल कमोजिम आवश्यक कागजात सहित यो सूचना प्रकासन भएको मितिले ५ दिन (मिति २०७८।०२।२५ गते ) भित्र यस नगरपालिकाको कार्यालय वा नजिकको कृषि/पशु सेवा केन्द्र तथा वडा कार्यालयमा रित पुर्वक कार्यक्रम मागको प्रस्तवान पेश गर्नहुन सम्वन्धित सवैमा जानकारीका लागी यो सूचना प्रकाशन गरीएको छ ।

रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

क) कार्यक्रमः कोभिड विशेष कृषि कार्यक्रम (प्रदेश शशर्त) ख) कार्यक्रम संचालन हुने स्थानः ठाकुरबाबा नगरपालिका क्षेत्रभरी
ग) कार्यक्रममा समावेश हुने क्षेत्रफलः कृषि तथा पशुपालन क्षेत्रमा घ) कोभिड विशेष कार्यक्रमका लागी मापदण्डः

| सि नं | कार्यक्रमको नाम (विवरण) | मापदण्ड/प्रकृया | स्वीकृत वजेट रकम रु |
|---|---|---|---|
| १ | साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम | -कृषि तथा पशुतर्फ माग बमोजिमका कृषि उपकरणमा चाहाने व्यक्तिहरुलाई कम्तिमा ५,००० देखी ३५,०००। सम्म -माग बमोजिमका औजार उपकरण प्रदेश मन्त्रालयले छनौट गरेका | मागमा ५० प्रतिशत नवढ्ने गरी अनुदान सहयोग । |
| १ | कोभिड प्रभावित भई गाँउ फर्केका कृषकहरुलाइ उत्पादन समाग्रीमा अनुदान कार्यक्रम | -कृषि क्षेत्रको हकमा कम्तिमा ५ कठ्ठामा तरकारी, फलफुल तथा मौरीपालन<br>-अनुदान प्रकृयामा सहभागी गराइने संख्या १०० जना | विलअनुसारको रकममा ५० प्रतिशत नवढ्ने गरि वढीमा रु २००००।० प्रति व्यक्ति/संस्था/समिति/समुह उत्पादन सामाग्रीमा अनुदान |

पेश गर्नुपर्ने कागजातहरुः

१) लुम्विनी प्रदेशको अनुदान ब्यवस्थापन एकिकृत मार्गदर्शन,२०७६ को अनुसूची १ अनुसार निवेदन फाराम
२) निवेदकको लालपूर्जा, नागरीकता वा परिचय खुल्ने प्रमाणपत्र वा विदेशवाट फर्केको भए प्रमाणखुल्ने कागजात
३) सम्वन्धीत वडा कार्यालयको सिफारीस पत्र । ४) प्रतिवद्धता पत्र (अनूसुची ३ )

**अनुसूची-१**

**(दफा ६ संग सम्वन्धित)**

**कोभिड विशेष कृषि कार्यक्रम अनुदानका लागी पेश गर्ने निवेदनको नमूना/ढाँचा**

श्रीमान् कार्यालय प्रमुख प्रशासकीय अधिकृत ज्यू
ठाकुरबाबा नगरपालिकाको कार्यालय
सैनवार,बर्दिया ।

प्रमुख प्रशासकीय अधिकृत

**विषयःअनुदान उपलब्ध गराई दिनहुन ।**

महोदय,

प्रस्तुत विषयमा त्यस ठाकुरबाबा नगरपालिका कार्यालय सैनवार वर्दियाको मिति २०७७। । गतेका दिन प्रकाशित सूचना अनुसार संचालन हुन लागेको **कोभिड विशेष कृषि कार्यक्रम**को उद्येश्य,लागत,समायवधी, लाभाम्वीत जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम संचालन गर्न वजेट आवश्यक परेको हुंदा अनुदान उपलब्ध गराईदिनहुन अनुरोध गर्दछु/छौ ।

**तपसिलः**

अनुदानग्राहीको नामः
ठेगानाः
कार्यक्रमको नामः
कार्यक्रमको उद्येश्यः
अनुदान रकम आवश्यक पर्ने कारणः
संचालन हुने कार्यक्रम नयाँ वा क्रमागत के होः
अनुदान रकम आवश्यक पर्ने भनि सम्वद्ध समितिको निर्णय तथा सिफारीसः
कार्यक्रम संचालन गर्न लाग्ने कुल लागतः(सम्वन्धितवाट प्रमाणितअनुमानित लागत इष्टीमेट सहित)
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम संचालन गर्ने कार्ययोजनाः
कार्यक्रमवाट लाभाम्वित संभाव्य जनसंख्याः

**अनुदानग्राही/ अन्दानग्राही निकायको प्रमुख**

हस्ताक्षरः
नाम थरः
पदः
ठेगानाः
मितिः
सम्पर्क नः
छापः

अनूसुची ३

(दफा १५ को उपदफा ४ संग सम्वन्धित)

प्रतिवद्धता पत्र

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको मिति ..............................मा प्रकाशित सुचनाअनुसार कोभिड विशेष कृषि कार्यक्रममा अन्तरगत ........................................................................... सहभागीताका लागी ईच्छुक भई सो को कार्ययोजना सहितको आवेदन पेश गरेको छुछौ । उक्त कार्यकममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने छु र घटिमा ... वर्ष सम्म यो कार्यक्रमापेशालाई निरन्तरता दिने छु,छौ । कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकियको अवधी अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश तथा नगरपालिकावाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु/गर्दछौं । संचालित कृयाकलापवाट वातावरण लाई नकरात्मक असर नपुर्‍याउने ब्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्द छु छौ । यसमा लेखीए बमोजिम नगरे प्रचलित कानुन बमोजिम सहुला ।बुझाँउला ।

अनुदानग्राहीको तर्फवाट

नामः

पदः...................

ठेगानाः

संस्थाको नामः...............................

दस्तखतः

मितीः२०७७...।.............. गते

संस्थाको छापः

| दाँया | बाँया |
|---|---|
| | |